आज मिति २०८२ साल असार ९ गते सोमबार कटारी नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा बसी देहायका निर्णयहरू गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राजेश चन्द्र श्रेष्ठ | नगरप्रमुख | |
| २. | गिता खड्का | नगर उपप्रमुख | |
| ३. | पदम लाल मगर | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | प्रेम बहादुर क्षेत्री | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | पुष्कर खड्का | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | भुपेन्द्र सिंह तामाङ्ग | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | मोहन बहादुर तामाङ्ग | वडाध्यक्ष, वडा नं. ५ | |
| ८. | प्रेम बहादुर मगर | वडाध्यक्ष, वडा नं. ६ | |
| ९. | सुविन ढुङ्गाना | वडाध्यक्ष, वडा नं. ७ | |
| १०. | नविन्द्र कुमार तामाङ्ग | वडाध्यक्ष, वडा नं. ८ | |
| ११. | बेग बहादुर आले मगर | वडाध्यक्ष, वडा नं. ९ | |
| १२. | क्षेत्र बहादुर खड्का | वडाध्यक्ष, वडा नं. १० | |
| १३ | अनन्त हायु | वडाध्यक्ष, वडा नं. ११ | |
| १४. | यम्बर बहादुर कटुवाल | वडाध्यक्ष, वडा नं. १२ | |

| | | | |
|---|---|---|---|
| १५. | शम्भु श्रेष्ठ | वडाध्यक्ष, वडा नं. १३ | |
| १६. | अम्बर बहादुर मगर | वडाध्यक्ष, वडा नं. १४ | |
| १७. | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८. | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९. | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २०. | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१. | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२. | हेम कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| २३. | मञ्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४. | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| | राजन थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| बैठक सञ्चालन सहयोगी कर्मचारी | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मिति २०८२ असार ९ गते सोमबार बसेको कटारी नगरपालिका, नगरकार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरूः

<u>प्रस्तावहरूः</u>

१. आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा।
२. आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।
३. कटारी नगरपालिकाको आर्थिक विधेयक, २०८२ सम्बन्धमा ।
४. कटारी नगरपालिकाको विनियोजन विधेयक, २०८२ सम्बन्धमा ।
५. वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति तथा तिनका परिवारको पुनः एकीकरणका लागि आपतकालीन कोष सञ्चालन निर्देशिका, २०८२ सम्बन्धमा ।
६. कटारी नगरपालिकाको दलित (उत्थान तथा संरक्षण) विधेयक, २०८२ सम्बन्धमा।
७. विविध ।

<u>निर्णयहरूः</u>

*<u>निर्णय नं.- १ :-</u>* प्रस्ताव १ माथि छलफल गर्दा कटारी नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृत गरी मिति २०८२/०३/१० गते बस्न गइरहेको कटारी नगरपालिकाको नगरसभामा पेश गर्ने सर्वसम्मतमा निर्णय गरियो ।

*<u>निर्णय नं.- २:-</u>* प्रस्ताव २ माथि छलफल गर्दा यस कटारी नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको चालु आर्थिक वर्ष २०८१/०८२ को सम्पूर्ण व्यय र आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम अर्न्तगतको नगरपालिकास्तरीय, विषयगत शाखास्तरीय र वडास्तरीय विनियोजन र प्रस्तावित कार्यक्रम स्वीकृत गरी मिति २०८२/०३/१० गते बस्न गइरहेको कटारी नगरपालिकाको नगरसभामा पेश गर्ने सर्वसम्मतमा निर्णय गरियो ।

<u>चालु आर्थिक वर्ष २०८१/०८२ असार ८ सम्म व्ययको अवस्थाः</u>

| क्र.सं. | स्रोत | व्यय भएको रकम रू. |
|---|---|---|
| १. | राजस्व बाँडफाँट (संघ) | १३,८४,०१,६६६/- |
| २. | राजस्व बाँडफाँट (प्रदेश) | १,५७,१५,१९२/- |
| ३. | वित्तीय समानीकरण अनुदान (संघ) | ८,४६,६५,४५८/- |
| ४. | वित्तीय समानीकरण अनुदान (प्रदेश) | ५५,४०,९८१/- |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

| | | |
|---|---|---|
| ५. | सशर्त अनुदान (संघ) | ३६,४२,७१,२५१/- |
| ६. | सशर्त अनुदान (प्रदेश) | १,७६,५४,५५५/- |
| ७. | समपूरक अनुदान (संघ) | ५२,८२,०००/- |
| ८. | समपूरक अनुदान (प्रदेश) | १२,४६,९००/- |
| ९. | आन्तरिक आम्दानी | १,९५,५९,७०८/- |
| जम्मा | | रू.६७,७३,४१,४२०/- |

<u>कटारी नगरपालिकाको आ.व. २०८२/८३ को प्रक्षेपित आय:</u>

| क्र.सं. | स्रोत | आ.व. २०८२/०८३ को अनुमानित बजेट | अक्षरेपी |
|---|---|---|---|
| १. | राजस्व बाँडफाँट (संघ) | १८,२२,६८,४३९/- | १८ करोड २२ लाख ६८ हजार ४ सय ३९ रूपैयाँ मात्र |
| २. | राजस्व बाँडफाँट (प्रदेश) | १,४९,२४,०००/- | १ करोड ४९ लाख २४ हजार रूपैयाँ मात्र |
| ३. | वित्तीय समानीकरण अनुदान (संघ) | १२,४३,००,०००/- | १२ करोड ४३ लाख रूपैयाँ मात्र |
| ४. | वित्तीय समानीकरण अनुदान (प्रदेश) | १,०१,७६,०००/- | १ करोड १ लाख ७६ हजार रूपैयाँ मात्र |
| ५. | सशर्त अनुदान (संघ) | ४३,८२,००,०००/- | ४३ करोड बयासी लाख रूपैयाँ मात्र |
| ६. | सशर्त अनुदान (प्रदेश) | ४९,६६,०००/- | ४९ लाख ६६ हजार रूपैयाँ मात्र |
| ७. | समपूरक अनुदान (संघ) | ५५,००,०००/- | ५५ लाख रूपैयाँ मात्र |
| ८. | समपूरक अनुदान (प्रदेश) | १,१५,००,०००/- | १ करोड १५ लाख रूपैयाँ मात्र |
| ९. | आन्तरिक आम्दानी | ४,९४,६९,०००/- | ४ करोड ९४ लाख ६९ हजार रूपैयाँ मात्र |
| १० | गत वर्षको मौज्दात (अ.ल्या.) | १,००,००,०००/- | १ करोड रूपैयाँ मात्र |
| ११. | घरजग्गा रजिष्ट्रेशन शुल्क (मालपोत) | २,५२,००,०००/- | २ करोड ५२ लाख रूपैयाँ मात्र |
| १२. | सामाजिक सुरक्षा तथा | | |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

| | | | |
|---|---|---|---|
| | संरक्षण | | |
| जम्मा | | रू.८७,६५,०३,४३९/- | ८७ करोड ६५ लाख ३ हजार ४ सय ३९ रूपैयाँ मात्र |

कटारी नगरपालिकाको आ.व. २०८२/०८३ को क्षेत्रगत विनियोजनः

| क्र.स. | क्षेत्र | जम्मा रकम | अक्षेरूपी |
|---|---|---|---|
| १. | नगरपालिका चालु तथा विविध कार्यक्रम तर्फ | रू. १४,४८,५०,०००/- | १४ करोड ४८ लाख ५० हजार रूपैयाँ |
| २. | नगरपालिका पुँजीगत तर्फ | रू. ५,८७,८७,४३९/- | ५ करोड ८७ लाख ८७ हजार ४ सय ३९ रूपैयाँ |
| ३. | साझेदारी कार्यक्रम | रू. १,७२,००,०००/- | १ करोड ७२ लाख रूपैयाँ |
| ४. | वडा तर्फ विनियोजन | रू. ११,०७,००,०००/- | ११ करोड ७ लाख रूपैयाँ |
| ५. | विषयगत शाखा तर्फ | रू. ७,४८,००,०००/- | ७ करोड ४८ लाख रूपैयाँ |
| ६. | अल्या बजेट | रु. १,००,००,०००/- | १ करोड रुपैयाँ |
| जम्मा | | रू. ४१,६३,३७,४३९/- | ४१ करोड ६३ लाख ३७ हजार ४ सय ३९ रूपैयाँ |

*निर्णय नं.- ३:-* प्रस्ताव ३ माथि छलफल गर्दा कटारी नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिबाट पेश हुन आएको कटारी नगरपालिकाको आर्थिक विधेयक, २०८२ माथि दफावार छलफल मार्फत स्वीकृत गरी मिति २०८२/०३/१० गते बस्न गइरहेको कटारी नगरपालिकाको नगरसभामा पेश गर्ने सर्वसम्मतमा निर्णय गरियो ।

## कटारी नगरपालिकाको आर्थिक विधेयक, २०८२

प्रस्तावनाः

कटारी नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आयको संकलन प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान (२०७२) को धारा २२८ को उपधारा (२) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) बमोजिम यो विधेयक बनाईएको छ ।

नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

संक्षिप्त नाम र प्रारम्भः

यस ऐनको नाम "कटारी नगरपालिकाको आर्थिक विधेयक, २०८२ रहनेछ, यी दरहरू मिति २०८२ श्रावण देखि लागू भई मिति २०८३ साल असार मसान्तसम्म कटारी नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

(१) सम्पति करः

कटारी नगरपालिका क्षेत्र भित्र रहेका घर र घर जग्गामा अनुसूची- (१) बमोजिम आ.व. २०८२/८३ मा सम्पति कर असुल गरिनेछ ।

(२) भूमिकर (मालपोत):

कटारी नगरपालिका क्षेत्र भित्र जग्गा र घर नभएका जग्गामा अनुसूची- (२) बमोजिम आ.व. २०८२/८३ मा भूमिकर (मालपोत) असुल उपर गरिनेछ ।

(३) घर जग्गा बहाल करः

कटारी नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति, संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक बहालको आम्दानीमा नगर क्षेत्रमा कलष्टर बनाई न्यूनतम मुल्य कायम अनुसूची- (३) बमोजिम बहाल कर लगाइनेछ ।

(४) व्यवसाय करः

कटारी नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय, वा सेवामा अनुसूची- (४) बमोजिम आ.व. २०८२/८३ मा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

(५) सवारी साधन करः

कटारी नगरपालिकामा क्षेत्र भित्र साना सवारी साधनहरूको अनुसूची- (५) बमोजिम सवारी कर लगाइने र असुल गरिनेछ ।

(६) विज्ञापन करः

कटारी नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची- (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

(७) घर नक्सा पासः

कटारी नगरपालिकामा क्षेत्र भित्र निर्माण भएका भवनहरूको अनुसूची- (७) बमोजिम घर नक्सा पास दस्तुर लगाइने र असुल गरिनेछ ।

(८) जडिबुटी, कवाडी र जीवजन्तु करः

कटारी नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, कवाडीमाल र निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुहरूको हाड, सिङ्ग, छाला जस्ता

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

वस्तुको व्यावसायिक कारोबार गरे बापत अनुसूची (८) बमोजिमको कर लगाएर असुल उपर गरिन्छ ।

(९) मनोरञ्जन करः

कटारी नगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरी जुनसुकै प्रकारको मनोरञ्जन व्यवसाय अनुसूची- (९) बमोजिम मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

(१०) बिक्री गर्न सक्नेः

कटारी नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरण परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी दहत्तर बहत्तर आदिबाट अनुसूची- (१०) शुल्क लगाई रकम असुल गरिनेछ ।

(११) सामुदायिक वनबाट आय प्राप्त गर्नेः

कटारी नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकामा पेश गर्नुपर्नेछ र बिक्री वन पैदावरको बिक्री वापतको रकम १० प्रतिशत रकम कटारी नगरपालिकाको खातामा अनुसूची- ११ बमोजिम जम्मा गर्नुपर्नेछ ।

(१२) सवारी पार्किङ्ग शुल्कः

कटारी नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत अनुसूची- (१२) अनुसार सवारी पार्किङ्ग शुल्क लगाई असुल उपर गरिनेछ ।

(१३) कर छुट/ मिनाहाः

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई विगतमा व्यवसाय दर्ता गरी नवीकरण नगरेका व्यवसायीहरूलाई नगरपालिकाले नवीकरण गर्न आएमा अनुसूची- १३ बमोजिम कर र जरिवाना छुट/ मिनाहा दिईनेछ । छुट/मिनाहा योजना २०८२ श्रावण देखि २०८२ असोज मसान्त सम्म मात्र लागु हुनेछ ।

(१४) अन्य सेवा शुल्क तथा बिक्रीः

कटारी नगरपालिकाले सरसफाई तथा ढल निकास र नगरभित्रका स्थानीय प्राकृतिक स्रोतको बिक्री गर्दा अनुसूची- (१४) मा उल्लिखित दररेट बमोजिम आन्तरिक आय संकलन गर्नेछ ।

(१५) प्रदुषण नियन्त्रण शुल्कः

कटारी नगरपालिकाले नगर क्षेत्रभित्र प्रदुषण नियन्त्रण गर्न अनुसूची- (१५) मा उल्लिखित दररेट बमोजिम प्रदुषण नियन्त्रण शुल्क संकलन गर्नेछ ।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

१६) **सरकारी सम्पतीको बहालबाट प्राप्त आयः**

नगरपालिकाले सरकारी सम्पत्ति भाडा प्रयोजनमा उपलब्ध गराईएको सेवामा अन्य कार्यालय वा सेवाग्राहीबाट अनुसूची- (१६) मा उल्लिखित दररेट बमोजिम शुल्क लगाईने छ ।

(१७) **कर तथा शुल्क संकलनः**

कटारी नगरपालिकाले कर तथा सेवा शुल्क, दस्तुर तपसिल बमोजिमका कर, सिफारिस र सेवा शुल्कका आधारमा अनुसूची- (१७) मा उल्लिखित दररेट बमोजिम आन्तरिक आय संकलन गर्नेछ ।

*निर्णय नं.- ४:-* प्रस्ताव ४ माथि छलफल गर्दा कटारी नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट तयार भई पेश हुन आएको कटारी नगरपालिकाको विनियोजन विधेयक, २०८२ माथि दफावार छलफल मार्फत स्वीकृत गरी मिति २०८२/०३/१० गते बस्न गइरहेको कटारी नगरपालिकाको नगरसभामा पेश गर्ने सर्वसम्मतमा निर्णय गरियो ।

## कटारी नगरपालिकाको विनियोजन विधेयक, २०८२

**प्रस्तावनाः**

कटारी नगरपालिकाको आ.व. २०८२/०८३ को शासन, विकास र सेवा प्रवाहको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान को धारा २२९ को उपधारा २ बमोजिम कटारी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम कटारी नगरपालिकाको विनियोजन ऐन, २०८२ हुनेछ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **आ.व. २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आ.व. २०८२/०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूचीहरूमा उल्लिखित चालू खर्च, पुंजीगत खर्च, र वित्तीय व्यवस्थाको रकम सहित जम्मा रकम रू. ४१,३५,५०,०००/- (४१ करोड ३५ लाख ५० हजार रूपैयाँ) अनुमानित रकम यकिन गरिएकोले पुंजीगत तर्फ रू. १९,३९,००,०००/- (अक्षरेपी १९ करोड ३९ लाख मात्र) र चालु तर्फ रू. २१,९६,५०,०००/- (२१ करोड ९६ लाख ५० हजार रूपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

३. विनियोजनः

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न दिएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त कटारी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षक बाहेक अन्यत्र सार्न सकिने छैन ।
तर चालू तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने गरी एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

*निर्णय नं. ५ः-* प्रस्ताव ५ माथि छलफल गर्दा कटारी नगरपालिकामा वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति तथा तिनका परिवारहरूको पुनः एकीकरणका लागि आपतकालीन कोष सञ्चालन निर्देशिका, २०८२ को नगर कार्यपालिकाको बैठकमा दफावार छलफल गरी स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

*निर्णय नं. ६ः-* प्रस्ताव ६ माथि छलफल गर्दा कटारी नगरपालिकाको विधेयक समितिबाट पेश हुन आएको कटारी नगरपालिकाको दलित (उत्थान तथा संरक्षण) विधेयक, २०८२ माथि दफावार छलफल मार्फत स्वीकृत गरी मिति २०८२/०३/१० गते बस्न गइरहेको कटारी नगरपालिकाको नगरसभामा पेश गर्ने सर्वसम्मतमा निर्णय गरियो ।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

विविध तर्फः प्रस्ताव नं. ७ यस प्रकार निर्णय गरियोः

१. कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको आ.व. २०८१/८२ का सम्पूर्ण भ्रमण आदेश र सो वापत प्राप्त हुने/लिएको भत्ता सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. संघ तथा प्रदेश सरकारको समपूरक अनुदानबाट यस नगरपालिकाको कटारी बजारको पार्क निर्माणका लागि प्राप्त स्रोतको सार्वजनिक खरिद कानुन बमोजिम ठेक्का प्रक्रियामा जाँदा न्यून कबोल हुन गई बचत हुन गएको स्रोतलाई यस नगरपालिकाको वडा नं. १३ सहितको पहाडी क्षेत्रका वडामा केन्द्रित भई यसै नगर कार्यपालिकाको निर्णयबाट विगतमा संघ र प्रदेश सरकारलाई समपूरक अनुदानमा प्रस्ताव गरिएको योजना कार्यान्वयन गर्न परिचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१